BUTWAL POWER COMPANY LIMITED

बुटवल पावर कम्पनी लिमिटेड

# संक्षिप्त वार्षिक प्रतिवेदन

## आ. व. २०७१–०७२

# बुटवल पावर कम्पनी लिमिटेडको २३ औं वार्षिक साधारण सभाको सूचना

शेयरधनीज्यू,

मिति २०७२/०८/०६ (तद्नुसार २२ नोवेम्बर, २०१५) मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको २३ औं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहायका विषयहरू उपर छलफल गर्न बस्ने भएको हुँदा सबै शेयरधनीहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा हुने मिति, स्थान र समय :**

**मिति :** २०७२ पौष ०५ गते आइतवार (तद्नुसार डिसेम्बर २०, २०१५) ।

**स्थान :** बुटवल पावर कम्पनी लिमिटेडको केन्द्रीय कार्यालय, बुद्धनगर, काठमाण्डौं ।

**समय :** बिहान ११:०० बजे ।

**छलफलका विषयहरु :**

१. संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. ०७१/७२ को वित्तिय विवरणहरू (वित्तिय अवस्था, नाफा नोक्सान तथा नगद प्रवाहको विवरणहरू सहित संलग्न अनुसूची) उपर छलफल गरी पारित गर्ने ।

३. लेखापरीक्षण समितिको सिफारिस अनुसार आ.व. २०७२/७३ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. सञ्चालक समितिले सिफारिस गरे बमोजिम आ.ब. ०७१/७२ को मुनाफाबाट चुक्ता पूंजीको २०% नगद लाभांश स्विकृत गर्ने ।

५. विविध ।

**बुटवल पावर कम्पनी लिमिटेडको**

# २३ औं वार्षिक साधारण सभा

BUTWAL POWER COMPANY LIMITED

## हाजिरी जनाउ पत्र

**यो हाजिरी जनाउ पत्र भरी साधारण सभा स्थलको प्रवेशद्वारमा बुझाइदिनुहुन अनुरोध गरिन्छ।**

शेयरधनीको नामः..........................................................................................................

शेयरधनीको ठेगानाः.......................................................पो.व.नं..........................................

फोन नं...............................................मोवाइल नं...........................................................

शेयरधनी नं.:...........................शेयर प्र.प. नं.:.......................................शेयर संख्याः...............

२०७२ पौष ०५ गते आइतबार बुटवल पावर कम्पनी लिमिटेडको केन्द्रिय कार्यालय, बुद्धनगर, नयाँ बानेश्वर, काठमाण्डौंमा बिहान ११:०० बजे शुरू हुने २३ औं वार्षिक साधारण सभामा भाग लिनको लागि स्वयं/प्रतिनिधि मार्फत उपस्थित भएको छु ।

______________________

शेयरधनीको हस्ताक्षर

## प्रोक्सी-फारम

BUTWAL POWER COMPANY LIMITED

श्री संचालक समिति<br>**बुटवल पावर कम्पनी लि.**<br>वुद्धनगर, वानेश्वर, काठमाण्डौ ।

**विषयः** प्रतिनिधि नियुक्त गरेको बारे ।

महाशय,

..................जिल्ला..................म.न.पा/न.पा./गा.वि.स. वडा नं. ..................,
.................. वस्ने म/हामी ..................ले त्यस कम्पनीको शेयरवालाको हैसियतले मिति २०७२ पौष ०५ गते आइतबारका दिन हुने २३औं वार्षिक साधारण सभामा स्वंय उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि..................जिल्ला ..................म.न.पा/न.पा./गा.वि.स./ वडा नं.........., ..........वस्ने श्री .................................... लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/छौं ।

निवेदकः ..................................

दस्तखतः ..................................

ठेगानाः ..................पो.व.नं..........

फोन नं.....................................

शेयरधनी नं.: ..................................

शेयर प्र.प.नं.: ..................................

शेयर संख्याः ..................................

मितिः ..................................

## साधारण सभा सम्बन्धी सामान्य जानकारी :

१. कम्पनीको शेयर दाखिल खारेजको कार्य मिति २०७२।०८।१६ देखी मिति २०७२।०९।०५ सम्म बन्द रहने छ ।

२. कम्पनी ऐन, २०६३ को दफा ८४ वमोजिम संक्षिप्त आर्थिक प्रतिवेदन राष्ट्रिय स्तरको दैनिक पत्रपत्रिकामा प्रकाशित गरिनेछ र सो प्रतिवेदन सहितको संक्षिप्त वार्षिक प्रतिवेदन पुस्तिका कम्पनीमा शेयरधनीहरूले उपलब्ध गराएको ठेगानामा हुलाक/कुरियर मार्फत पठाईने छ । कुनै कारणवश उक्त पुस्तिका नपाउनु भएमा कम्पनीको रजिष्टर्ड कार्यालय, बुद्धनगर, काठमाडौं वा शेयर रजिष्ट्रार श्री एन.एम.वि. क्यापिटल लि., नागपोखरी, काठमाडौंबाट प्राप्त गर्न तथा कम्पनीको वेभ साईट www.bpc. com.np मा हेर्न सकिने छ ।

३. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले सम्पूर्ण शेयरको प्रतिनिधि एउटै व्यक्ति हुने गरी प्रतिनिधिपत्र (प्रोक्सी) फाराम भरी कम्पनीको रजिष्टर्ड कार्यालय, बुद्धनगर, काठमाण्डौमा सभा शुरू हुनु भन्दा कम्तिमा ७२ घण्टा अगाडि अर्थात २०७२।०९।०२ गते विहान ११:०० वजे भित्र दर्ता गरी सक्नु पर्नेछ । शेयरवालाको नाम, शेयर संख्या र दस्तखत मध्ये कुनै नमिलेमा प्रतिनिधिपत्र रद्द हुनेछ ।

४. एकै शेयरधनीले एकभन्दा बढि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको अवस्थामा पहिला दिएको प्रोक्सी वदर गरेको भन्ने व्यहोरा उल्लेख भई पछिल्लो प्रोक्सी दर्ता हुन आएमा वाहेक पहिला दर्ता हुन आएको प्रोक्सीले मान्यता पाउने छ ।

५. प्रोक्सी मुकरर गरी पठाउने शेयरधनी स्वयं साधारण सभामा उपस्थित भएको व्यहोरा लिखित रूपमा जानकारी दिएमा प्रोक्सी स्वतः वदर हुनेछ, तर त्यस्तो जानकारी हाजिर पुस्तिका खुल्ला रहने अवधी भित्रै दिनुपर्ने छ नदिएमा प्रोक्सीनै कायम हुनेछ ।

६. सभा हुने दिन सभामा उपस्थितिका लागि हाजिर पुस्तिका बिहान ९:०० वजे देखि अपरान्ह १:०० वजेसम्म खुल्ला रहने छ । परिचय नं. (शेयरधनी नं.) को आधारमा हाजिरी जनाउने व्यवस्था गरिएको हुंदा शेयरधनी महानुभावले आफ्नो परिचय नं. तथा परिचय खुल्ने कुनै पनि कागजातहरू जस्तैः शेयर प्रमाण पत्र, नागरिकता, लाइसेन्स आदि अनिवार्य रूपमा प्रस्तुत गर्नु पर्नेछ ।

७. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ ।

८. छलफलका विषय सूची मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रूपमा दिनु पर्नेछ ।

९. अन्य जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालय, बुद्धनगर, काठमाण्डौ तथा शेयर रजिष्ट्रार श्री एनएमवि क्यापिटल लि.,नागपोखरी, काठमाडौंमा सम्पर्क राख्नु हुन अनुरोध छ । रजिष्ट्रार श्री एनएमवि क्यापिटल लि., ववरमहल, काठमाडौंमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

आज्ञाले

**कम्पनी सचिव**

# संचालक समितिको प्रतिवेदन

## शेयरधनीज्यूहरु,

आदरणिय शेयरधनीज्यूहरू समक्ष यस २३औं वार्षिक साधारण सभामा कम्पनीको आ. व. २०७१।०७२ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाउँदा संचालक समितिलाई खुसी लागे को छ ।

### उपलब्धिको सार संक्षेप

कम्पनीले आ.व. २०७१।०७२ मा उल्लेख्य प्रगति हासिल गरेको छ । आँधिखोला विद्युत गृहले क्षमता बृद्धि पश्चात ९.४ मेगावाटको क्षमतामा व्यापारिक उत्पादन पूनः शुरू गरेको छ । झिमरूक विद्युत गृहवाट बिक्रीयोग्य उर्जा ५५ गिगावाट आवरबाट बढाई ६३ गिगावाट आवर कायम गरी झिमरूक विद्युत गृह र आँधिखोला विद्युत गृहवाट उत्पादित विद्युत अनुमतिपत्रको बाँकी ३० वर्षको अवधीका लागि खरिद बिक्री गर्न नेपाल विद्युत प्राधिकरणसंग विद्युत खरिद बिक्री सम्झौता गरिएको छ । ३० मेगावाट क्षमताको न्यादी जलविद्युत आयोजना तथा ३७.६ मेगावाट क्षमताको कावेली ए जलविद्युत आयोजनाको विद्युत खरिद बिक्री सम्झौताहरू भएका छन् । न्यादी जलविद्युत आयोजनाको वित्तिय व्यवस्थापनको लागि स्थानीय बैंकहरूको सहवित्तिय समूहसंगको छलफल अन्तिम चरणमा पुगेको छ । कावेली ए जलविद्युत आयोजनाको लागि नेपाल सरकार तथा विश्व बैंक बीच वित्तिय सम्झौता एवं अन्तराष्ट्रिय वित्त निगम तथा कावेली इनर्जी लिमिटेड बीचको ऋण सम्झौता सम्पन्न भएको छ । ऋण स्वरूप विश्व बैंकवाट प्राप्त हुने रकमको सम्बन्धमा जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड तथा कावेली इनर्जी लिमिटेड बीचको सहायक ऋण सम्झौता प्रक्रियामै रहेको छ । लामो समय देखी अनिर्णित आ.व. २०५९।०६० तथा आ.व. २०६०।०६१ को आयकर सम्बन्धी विवादहरू समाधान भएको छ । त्यसैगरी झिमरूक केन्द्रको सम्पत्तिको क्षतिका सम्बन्धमा बीमा दावी फरफारक भएको छ । झिमरूक विद्युत गृहले ७६.४ गिगावाट आवर उत्पादन गरी अहिले सम्मकै उच्च उत्पादन गर्न सफल भएको छ, जुन गत वर्ष ७०.७ गिगावाट आवर थियो । बीपीसीले नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थावाट प्रदान गरिने उत्कृष्ट बार्षिक प्रतिवेदन प्रस्तुती अवार्ड, २०१४ प्राप्त गर्न सफल भयो । यी उपलब्धीहरूले आउँदा दिनका लागि कम्पनीको वित्तिय क्षमतालाई मजवुत बनाएको छ र जलविद्युत क्षेत्रमा बीपीसीको विकासको मार्गलाई समेत सरल बनाएको छ ।

### कार्यसंपादन समिक्षा

**वित्तः**

कम्पनीले यस आर्थिक वर्षमा गत वर्षको तुलनामा २९.५% को बृद्धि हासिल गरी रू. ५२ करोड ३२ लाखको कारोवार गऱ्यो । संचालन आम्दानी बढ्नुको मुख्य कारणहरूमा क्षमता बृद्धि गरिएको आँधिखोला केन्द्रवाट चैत्र २२, २०७१ देखी व्यापारिक उत्पादन हुनु तथा झिमरूक केन्द्रवाट विद्युत बिक्री बढ्नु रहेको छ । त्यसैगरी यस वर्ष लाभांश आम्दानी बढेको छ र झिमरूक केन्द्रको सम्पत्तिको क्षति वापतको वीमा दावी रकम समेत प्राप्त भएको छ । तसर्थ, यस वर्षको खुद मुनाफा गत वर्षको खुद मुनाफा रू. ३० करोड ३८ लाखवाट बढेर रू. ४७ करोड ९८ लाख भएको छ । कम्पनीको वित्तिय अवस्थाको सारसंक्षेप निम्न अनुसार रहेको छ ।

### व्यवसाय संचालन

**उत्पादन व्यवसाय**

आँधिखोला विद्युत गृहले व्यापारिक उत्पादन थालनी पश्चात्को तीन महिनाको अवधिमा ७२.४८% क्षमतामा संचालनमा रहेर २०.२८ गिगावाट आवर उत्पादन

(अन्यथा उल्लेख गरेको बाहेक अंक रू. दश लाखमा)

| विवरण | आ.व. २०७१।७२ | आ.व. २०७०/७१ | परिवर्तन प्रतिशत |
|---|---|---|---|
| थोक बिद्युत बिक्री बाट आम्दानी | ४०२.३ | २८९.३ | ३९.१ |
| खुद्रा बिद्युत र सेवा बिक्री बाट आम्दानी | १२०.८ | ११४.८ | ५.२ |
| जम्मा संचालन आम्दानी | ५२३.२ | ४०४.१ | २९.५ |
| संचालन खर्च | ३१८.५ | ३२४.६ | -१.९ |
| कूल संचालन नाफा | २०४.६ | ७९.५ | १५७.४ |
| अन्य आय (प्राप्त लाभांश समेत) | ५२२.५ | ४५५.५ | १४.७ |
| प्रशासनिक तथा अन्य खर्च | २२०.७ | २४३.८ | -९.५ |
| खुद मुनाफा | ४७९.८ | ३०३.८ | ५८ |
| प्रतिशेयर आम्दानी रू. | २८.६८ | १९.७५ | ४५.२ |
| नेटवर्थ | ३४२८ | ३,२५९ | ५.२ |

गऱ्यो । कुल उपलब्ध उर्जा मध्ये १५.८६ गिगावाट आवर (३६.१३%) नेपाल विद्युत प्राधिकरणलाई बिक्री गरिएको थियो र २७.६७ गिगावाट आवर (६३.०१%) बीपीसीकै वितरण व्यवसायलाई आपूर्ति गरिएको थियो । झिमरूक विद्युत गृहले ७२.७१% क्षमतामा संचालनमा रहेर ७६.४३ गिगावाट आवर उत्पादन गऱ्यो । यो गत वर्षको उत्पादनको तुलनामा ८.१०% (५.६७ गिगावाट आवर) ले बढी उत्पादन हो । कुल उपलब्ध विद्युत मध्ये ६७.८२ गिगावाट आवर (८७.०६%) नेपाल विद्युत प्राधिकरणलाई बिक्री गरिएको थियो र ५.६८ गिगावाट आवर (७.०३%) बीपीसीकै वितरण व्यवसायलाई आपूर्ति गरिएको थियो । २.६१ गिगावाट आवर अतिरिक्त उर्जा नेपाल विद्युत प्राधिकरणलाई निशूल्क आपूर्ति गरिएको थियो ।

झिमरूक नदीमा वर्षायाममा अत्यधिक वालुवाका कणहरू आउनु झिमरूक विद्युत गृहको टर्वाइन छिटो छिटो खिइने समस्याको मुख्य कारण रह्यो । जसको परिणामस्वरूप वर्षायाममा उत्पादन घट्न गयो । टर्वाइनको सबै हिस्साहरू जसमा रनर, गाईड भल्भ, साईड कभर, सिलिङ रिङ्, साफ्ट सिल तथा अन्य हिस्साहरू पर्दछन्, ति सबैको मर्मत संभार गरिएको थियो । मर्मत संभार तालिका वमोजिम निरोधात्मक मर्मत संभारको कार्य गरिएको थियो । सिंचाईमा बढोत्तरी ल्याउन तथा विद्युत उत्पादनमा वृद्धिका लागि विभिन्न व्यवस्थापनका कार्यहरू गरिएको थियो । आयोजनाको क्षेत्र तथा कृषकका जग्गा जमिनको संरक्षणका लागि नदी व्यवस्थापन (रिभर ट्रेनिङ्ग) गरिएको थियो ।

**वितरण व्यवसाय**

यस वर्ष २७.३० गिगावाट आवर उर्जा उपभोक्ताहरूलाई बिक्री गरिएको थियो । यो गत वर्षको तुलनामा १३% ले बृद्धि हो । उपभोक्तालाई बिक्री गरिएको कुल उर्जा मध्ये २३.६७ गिगावाट आवर (८६.७३%) मिटर जडित उपभोक्ताहरूलाई, ०.५५४ गिगावाट आवर (२.०३%) मिटर जडान नगरिएका (कटआउट) उपभोक्ताहरूलाई तथा ३.०६८ गिगावाट आवर (११.२३%) औधोगिक उपभोक्ताहरूलाई बिक्री गरिएको थियो । यस वर्ष मिटर जडित उपभोक्तालाई उर्जा बिक्रीमा केही बृद्धि भएको छ र योजनावद्धरूपमा कटआउटवाट परिवर्तन गरिदै आएको कारण कटआउट अर्न्तगतका उपभोक्तालाई उर्जा बिक्री घटेको छ । आ.व. २०७१।०७२ को अन्त सम्ममा कम्पनीवाट विद्युत आपूर्ति सेवा प्राप्त गर्ने उभोक्ताको संख्या ४६,२१५ रहेको छ । वितरण संजालको विस्तारको कारण यसमा गतवर्षको तुलनामा ३% बृद्धि भएको छ । यस वर्ष कुल १,२७३ गार्हस्थ उपभोक्ताहरू तथा ७६ औद्योगिक उपभोक्ताहरू थपिएका छन् ।

## संचालनमा रहेका सहायक तथा सम्वद्ध कम्पनीहरु:

### हिमाल पावर लिमिटेड

हिमाल पावर लि. ले ६० मेगावाट क्षमताको खिम्ती प्रथम जलबिद्युत आयोजना स्वामित्व धारण तथा संचालन गर्दछ । यो आयोजना जुलाई ५, २००० देखी व्यापारिकरूपमा संचालनमा आएको थियो । यस कम्पनीले आ.व. २०७१।०७२ मा रू. २ अरव ९३ करोड खुद मुनाफा आर्जन गऱ्यो । बीपीसीले हिमाल पावर लि.वाट आ.व. २०७१।७२ मा रू. ४२ करोड ९४ लाख लाभांश प्राप्त गऱ्यो । २०७२ आषाढ मसान्त सम्म हिमाल पावर लि. को खुद सम्पत्ति रू. ४ अरव २८ करोड थियो ।

### हाइड्रो कन्सल्ट इन्जिनियरिङ लिमिटेड.

हाइड्रो कन्सल्ट इन्जिनियरिङ लि. इन्जिनियरिङ परामर्श सेवा प्रदायक कम्पनी हो । यस कम्पनीले जलबिद्युत, सिंचाई तथा पूर्वाधार सम्बन्धी आयोजनाहरूमा सेवा विशिष्टिकरण गरेको छ र यसले वातवरणिय तथा सामाजिक प्रभाव मुल्यांकन सेवाहरू समेत प्रदान गर्दछ । यसले आफ्ना सेवाहरू क्रमशः नेपाल बाहिर पनि विस्तार गर्दै आएको छ । यस कम्पनीले आ.व. २०७१।०७२ मा इन्जिनियरिङ परामर्श सेवावाट रू. ८ करोड ७९ लाख करोवार गऱ्यो । यो गत वर्षको तुलनामा ८.१% को बृद्धि हो । करपछिको खुद मूनाफा रू. १ करोड २३ लाख आर्जन गरेको जनाएको छ । २०७२ आषाढ मसान्त सम्म हाइड्रो कन्सल्ट इन्जिनियरिङ लि.को खुद सम्पत्ति यस कम्पनीको शेयरधनीहरूको कोष तथा खुद सम्पत्ति रू. ५ करोड ६४ लाख रहेको छ । आ.व. २०७१।०७२ मा बीपीसीले यस कम्पनीवाट रू. १७ लाख ९० हजार लाभांश प्राप्त गऱ्यो ।

### नेपाल हाइड्रो तथा इलेक्ट्रिक लिमिटेड.

१९८५ मा स्थापित नेपाल हाइड्रो तथा इलेक्ट्रिक लि. हाइड्रोमेकानिकल उपकरणको उत्पादक तथा पूनःमर्मत गर्ने तथा नेपालमा इलेक्ट्रोमेकानिकल उपकरणहरूको मर्मतसंभार गर्ने प्रमुख कम्पनी हो । यसका अन्य उत्पादनहरूमा एच.भी. सवस्टेशन, प्रशारण टावर, पोलहरू तथा पुल जस्ता ठुला स्टिल संरचनाहरू रहेका छन् । यस कम्पनीले आ.व. २०७१।०७२ मा रू. ३७ करोड ९७ लाखको कारोवार तथा रू. १ करोड ८७ लाख खुद मूनाफा गऱ्यो । यस कम्पनीको खुद सम्पत्ति २०७२ को आषाढ मसान्त सम्म रू. २३ करोड ९८ लाख रहेकोछ ।

### खुदी हाइड्रोपावर लिमिटेड.

खुदी हाइड्रोपावर लि. ले ४ मेगावाट क्षमताको खुदी जलबिद्युत गृह स्वामित्व धारण तथा संचालन गर्दछ । यो आयोजना आ.व. २०६३।६४ देखी व्यापारिकरूपमा संचालनमा आएको हो ।

आ.व. २०७१।०७२ मा खुदी हाइड्रोपावर लि.ले २४.२५ गिगावाट आवर बिद्युत राष्ट्रिय प्रसारण लाईनमा आपूर्ति गऱ्यो । यस आ. व. को अवधिमा रू. १० करोड ६ लाखको आम्दानी भयो । यो गत वर्षको तुलनामा ४.३५% ले बृद्धि हो । यस कम्पनीले आ. व. २०७१।०७२ मा रू. ३ करोड ५२ लाख खुद मूनाफा आर्जन गऱ्यो । यो गत वर्षको तुलनामा १००.६% को बृद्धि हो । २०७२ साल आषाढ मसान्तमा खुदी हाइड्रोपावर लि. को खुद सम्पत्ति रू. १५ करोड ७७ लाख रहेको छ । यसमा पूर्ति गर्नु पर्ने नोक्सान रकम रू. ८९ लाख समेत समावेश छ ।

### हाइड्रो ल्याव प्रा.लि.

हिमाल तथा हिमाली नदीहरूले सृजना गरेका नदीको इन्जिनियरिङ सम्बन्धी समस्याहरू समाधान गर्ने एक पहलकदमीको रूपमा सन् १९८८ मा हाइड्रो ल्याव प्रा.लि.को स्थापना गरिएको थियो । यस कम्पनीमा रहेको हाइड्रोलिक्स तथा सेडिमेन्ट प्रयोगशालामा सुविधा सम्पन्न उपकरणहरू रहेका छन् र हाइड्रोलिक संरचना तथा सेडिमेन्ट विश्लेषणका साथ साथै नदीको हाइड्रोलिक नमूना अध्ययन कार्यमा कम्पनीले वृहत अनुभव बटुलेको छ । आ.व. २०७१।०७२ मा हाइड्रो ल्याव प्रा.लि.ले रू. २ करोड ३ लाखको कारोवार तथा रू. ४३ लाख खुद मूनाफा गऱ्यो । २०७२ साल आषाढ मसान्त सम्ममा हाइड्रो ल्याव प्रा.लि.को खुद सम्पत्ति रू. ७ करोड ९६ लाख रहेको छ ।

**बिपिसि सर्भिसेज लि.**

बिपिसि सर्भिसेज लि. सन् २००६ मा स्थापित बीपीसीको एकल स्वामित्वको सहायक कम्पनीको हो । यस कम्पनी नेपालमा बिद्युत गृहहरू, प्रसारण तथा वितरण प्रणालीको संचालन तथा मर्मत संभार सेवा प्रदान गर्ने  प्रवर्तक कम्पनी हो । बिपिसि सर्भिसेज लि.ले जलबिद्युतको विकासमा संलग्न भएका कम्पनीहरूलाई सक्षम प्राविधिक दक्षता समेत प्रदान गरिरहेको छ । यस कम्पनीको आ.व. २०७१।०७२ मा बिपिसि सर्भिसेज लि.ले रू ४६ लाख खुद मूनाफा आर्जन गर्‍यो । यस कम्पनीको खुद सम्पत्ति २०७२ साल आषाढ मसान्त सम्म रू १ करोड ३८ लाख रहेको छ ।

**कावेली इनर्जि लिमिटेड**

कावेली इनर्जि लि.ले नेपाल सरकारसंग भएको आयोजना विकास सम्झौता अनुसार निर्माण, स्वामित्वकरण, संचालन तथा हस्तान्तरण ढाँचामा आधारित भई ३७.६ मेगावाट क्षमताको कावेली ए जलविद्युत आयोजनाको विकास गरी रहेको छ । यस आयोजना संचालनमा आएपछि वार्षिकरूपमा २०५ गिगावाट आवर बिक्रीयोग्य  उर्जा उत्पादन गर्नेछ । कावेली इनर्जि लि.मा बीपीसीको प्रत्यक्ष शेयर लगानी २६% तथा बाँकी संयुक्त लगानीको कम्पनी गुराँस इनर्जि लि. मार्फत लगानी गरी ५४% शेयर लगानी हुनेछ ।

नेपाल सरकार तथा विश्व बैंक बीच कावेली ए जलविद्युत आयोजनालाई ऋण उपलब्ध गराउनको लागि वित्तिय सम्झौता भएको छ र सो अनुसार विश्व वैंकवाट प्राप्त हुने ४ करोड अमेरिकी डलर जलविद्युत लगानी तथा विकास कम्पनी मार्फत कावेली ए जलविद्युत आयोजनालाई प्राप्त हुनेछ । कावेली इनर्जि लि. ले जुलाई १५, २०१५ मा काठमाण्डौमा अन्तराष्ट्रिय वित्त निगमसंग ३ करोड ८६ लाख अमेरीकी डलर बरावरको ऋण सम्झौता गरेको छ । विश्व बैंकले कावेली ए जलविद्युत आयोजनाको लागि उपलब्ध गराएको ऋणको भुक्तानीलाई सहजिकरण गर्नका लागि नेपाल सरकार र जलविद्युत लगानी तथा विकास कम्पनी, तथा कावेली इनर्जि लि. तथा जलविद्युत लगानी तथा विकास कम्पनी बीचको सहायक ऋण सम्झौताहरू हस्ताक्षर गर्ने अन्तिम चरणमा रहेकाछन् । नेपाल विद्युत प्राधिकरणसंग विद्युत खरिद बिक्री सम्झौता गरिएको छ ।

बिपिसीले करीव ५० लाख अमेरीकी डलर रकम निर्माणपूर्वका कार्यहरूका लागि कावेली इनर्जि लि.मा लगानी गरिसकेको छ । सिभिल तथा हाइड्रो मेकानिकल कार्यहरूको ठेक्का सम्झौतामा हालसालै हस्ताक्षर गरिएको छ र  इलेक्ट्रोमेकानिकल कार्यकोलागि वार्ता अन्तिम चरणमा पुगेको छ । आयोजनाको निर्माण कार्य सन् २०१६ को पहिलो त्रैमासिकमा शुरू हुने छ र सो आयोजना सेप्टेम्वर ३०, २०१९ मा सम्पन्न हुने अपेक्षा गरिएको छ । आ. व. २०७१।०७२ को अन्त्य सम्ममा आयोजनाको पूँजीगत कार्य प्रगती रू ५७ करोड ३७ लाख रहेको छ ।

**न्यादी हाइड्रोपावर लिमिटेड.**

न्यादी हाइड्रोपावर लि. बिपिसि बहुमत शेयरधनीको रूपमा रहेको विशेष उद्देश्यको कम्पनीको रूपमा ३० मेगावाटको न्यादी जलबिद्युत आयोजना निर्माण, स्वामित्वकरण तथा संचालनको लागि स्थापना गरिएको कम्पनी हो । यस आयोजनाको उत्पादन अनुमतिपत्र ३५ वर्षको मिति २०६९।११।३ मा प्राप्त भएकोछ । विद्युत गृह सम्म पहुँच मार्ग र मर्स्याङ्दी नदीमा पुल निर्माण कार्य सम्पन्न सम्पन्न भएको छ । हालसालै सिभिल तथा हाइड्रोमेकानिकल कार्यहरूको इपीसी ढाँचामा आधारित बोलपत्र कागजातहरू जारी गरिएको छ । इलेक्ट्रोमेकानिकल कार्यको बोलपत्र कागजातहरू तयार भएको छ र सो छिट्टै जारी गरिने छ ।

आयोजनामा स्थानीय बैंकहरूको सहवित्त समूहको ऋण लगानी हुनेछ र कर्जा सुविधा सम्झौतामा छलफल भईरहेको छ  । नेपाल विद्युत प्राधिकरण संग विद्युत खरिद बिक्री सम्झौता सम्पन्न भएको छ । आ.व. २०७१।०७२ को अन्त्य सम्ममा आयोजनाको पूँजीगत कार्य प्रगती रू ३६ करोड २३ लाख रहेको छ । आयोजनाको निर्माण कार्य सन् २०१६ को मध्य तिर शुरू हुने अपेक्षा गरिएको छ  ।

**गुराँश इनर्जि लिमिटेडः**

गुराँश इनर्जि लि. नेपालमा जलविद्युत आयोजनाहरू तथा अन्य पूर्वाधार आयोजनाहरू प्राप्त गर्न, विकास

गर्न, त्यस्ता आयोजनाहरूमा वित्तिय लगानी गर्न, स्वामित्वमा लिन तथा संचालन गर्नको लागि इन्फ्राको एशियासंगको संयुक्त लगानीमा संस्थापित कम्पनी हो । यस कम्पनीमा इन्फ्राको एशियाको ६०% हिस्सा सहित बहुमत शेयर लगानी रहेको छ भने बिपिसीको ४०% हिस्सा रहेकोछ । कावेली इनर्जि लि.मा गुराँश इनर्जि लि.को बहुमत शेयर रहेको छ ।

## आयोजनाहरु

**आँधिखोला क्षमतावृद्धि आयोजना (९.४ मेगावाट)**

आँधिखोला क्षमतावृद्धि आयोजना को निर्माण कार्य सफलतापूर्वक सम्पन्न भएको छ र यस आयोजनाले चैत्र २२, २०७१ देखी व्यापारिकरूपमा उत्पादन शुरू गरेकोछ । विद्युत गृह आफ्नो पूर्णक्षमतामा संचालित छ ।

**लोअर मनाङ मर्स्याङदी जलविद्युत आयोजनाः**

लोअर मनाङ मर्स्याङदी जलबिद्युत आयोजना पश्चिमाञ्चल विकास क्षेत्र अर्न्तगत मनाङ जिल्लाको दक्षिणी भेगमा पर्दछ । यस आयोजनाको संभाव्यता अध्ययन तथा जियोटेक्निकल अनुसन्धानको कार्य सम्पन्न भएको छ । आयोजनाको विस्तृत डिजाईन कार्य सम्पन्न हुने चरमा रहेकोछ । हाइड्रोलिक मोडलिङको कार्य हाइड्रो ल्याववाट गराइएको छ । वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदन वातावरण मन्त्रालयवाट मिति २०७०।१२।७ मा स्वीकृत भइसकेकोछ । आयोजनाको उत्पादन अनुमतिपत्र प्राप्त गर्नको लागि विद्युत विकास विभाग मार्फत उर्जा मन्त्रालयमा दरखास्त पेश गरिएको छ ।

यस आयोजनाको जडित क्षमता ४० प्रतिशत वहावको आधारमा पूनः हिसाव गरी १०० मेगावाट निर्धारण गरिएको छ । बीपीसीले यस आयोजनामा रू. १५ करोड २७ लाख लगानी गरिसकेको छ । यस आयोजनावाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणको २२० के.भी.को मर्स्याङदी कोरिडोरको प्रशारण लाईन मार्फत प्रशारण गरिनेछ, जुन प्रशारण लाईनको निर्माण कार्यमा प्रगति भईरहेको छ ।

**चिनोखोला साना जलविद्युत आयोजना**

चिनोखोला साना जलविद्युत आयोजनालाई यसवाट उत्पादित विद्युत लोअर मनाङ मर्स्याङदी जलबिद्युत आयोजनामा निर्माणको लागि आवश्यक उर्जाकोरूपमा उपयोग गर्न सकियोस् भन्ने ध्येय लोअर मनाङ मर्स्याङदी जलबिद्युत आयोजना भन्दा अगावै निर्माण गर्ने योजना गरिएको छ । यस आयोजनाको सर्वेक्षण अनुमतिपत्र मार्च ३, २०१५ मा प्राप्त भएको थियो । यस आयोजनाको संभाव्यता अध्ययन, वातावरणीय प्रभाव मुल्यांकन तथा विस्तृत डिजाईन कार्य चलिरहेको छ । यस आयोजनाको जडित क्षमता करीव ८.५ मेगावाट हुनेछ । संभाव्यता अध्ययनको कार्य सम्पन्न भएपछि वातावरणीय प्रभाव मुल्यांकन अध्ययन प्रारम्भ हुनेछ ।

## व्यवस्थापन

यस कम्पनीको व्यवस्थापनमा प्रमुख कार्यकारी अधिकृत श्री उत्तर कुमार श्रेष्ठले नेतृत्व गर्नु भएको छ । नेपालको विद्युतीय सेवा क्षेत्रमा उहाँको लामो अनुभव रहेको छ ।

## मानव संशाधन

आर्थिक वर्ष २०७१।०७२ को अन्त सम्ममा कर्मचारीहरूको संख्या २३२ पुरूष तथा २३ महिला सहित जम्मा २५५ थियो, जुन गत वर्षको संख्या भन्दा करीव ७.७% ले कमी हो ।

| आ.व.को अन्त्यमा | कुल कर्मचारीहरु | स्थायी | अस्थायी |
|---|---|---|---|
| २०७१।०७२ | २५५ | २२१ | ३४ |
| २०७०।०७१ | २७५ | २२८ | ४७ |

कर्मचारीहरूको क्षमता अभिवृद्धि तथा पेशागत विकासको साथ साथै कम्पनीको भविश्यको आवश्यकतालाई सम्बोधन गर्नको निमित्त आवश्यक तालिमहरू प्रदान गरिएका छन् ।

## संचालक समिति

यस आर्थिक वर्षमा संचालक समितिको संरचनामा कुनै परिवर्तन भएन ।

## संचालक समिति अर्न्तगतका समितिहरु

संचालक समितिले कम्पनी ऐन, २०६३ अनुसार गठन गर्नु पर्ने लेखापरीक्षण समिति लगायत समितिहरूले आफ्नो कर्तव्य तथा जिम्मेवारीहरू प्रभावकारी रूपमा संपादन गरेको छ ।

- कम्पनीको आन्तरिक नियन्त्रण तथा वित्तिय सुशासनको लागि लेखापरीक्षण समितिले सह्रानिय योगदान गरेको छ ।
- वित्त तथा बजेट समितिले कम्पनीको बजेटको परीक्षण तथा नियन्त्रण गरी तथा कम्पनीको वित्तिय व्यवस्थापनमा रणनीतिक मार्गदर्शन गरी संचालक समितिलाई मद्दत गरेको छ ।
- आयोजना निर्देशक समितिले ९.४ मेगावाट क्षमताको आँधिखोला क्षमता बृद्धि आयोजनाको निर्माण कार्यको प्रगतिलाई नजिकवाट प्रभावकारीरूपमा अनुगमन गऱ्यो । यस आयोजनाको सफलतापूर्वक व्यापारिक उत्पादन शुरू भएपछि, यस समितिले आफ्नो जिम्मेवारी अगष्ट १७, २०१५ मा सम्पन्न गरेको छ ।

कम्पनीको शेयर संरचना, संचालक समितिको बनौट, संचालक समिति अर्न्तगतका समितिहरू तथा त्यसका सदस्यहरूका विषयमा संस्थागत सुशासन प्रतिवेदनमा उल्लेख गरिएको छ ।

## कम्पनीको शेयर संरचनामा परिवर्तन

कम्पनीका शेयरधनीहरूको समूह ख मा बहुमत शेयर हिस्सा सहित सांग्रिला इनर्जि लि. र सानो शेयर हिस्सा सहित आईकेएन नेपाल ए.एस. गरी दुई शेयरधनीहरू रहेका थिए । हालसालै, आईकेएन नेपाल ए.एस.ले आफुसंग रहेको बीपीसीको शेयरको ठुलो हिस्सा बिक्री गरेको छ र यसवाट कम्पनीको व्यवसाय सुदृढ तथा विकास गर्नमा थप मद्यत पुग्ने विश्वास लिइएको छ । हाल शेयरधनीहरूको समूह ख मा शेयरधनीहरूको संख्या बढेर ९ पुगेको छ ।

## संस्थागत सुशासन

असल संस्थागत सुशासनको महत्वलाई बीपीसीले बुझ्ेको छ र त्यसप्रति प्रतिवद्ध छ । हामी आफ्नो दृष्टिकोण, लक्ष तथा मुल्य मान्यताहरूलाई पछ्याउने क्रममा नैतिक, इमान्दार तथा पारदर्शी भई शेयरधनीहरूको विश्वासलाई कायम राख्न प्रयत्नरत् छौं । हामीले प्रत्येक वर्ष संचालक समितिको काम कारवाही तथा यसको कार्य संपादन, आन्तरिक नियन्त्रण प्रणाली एवं जोखिम व्यवस्थापनका सम्बन्धमा पारदर्शी भई संस्थागत सुशासन प्रतिवेदन तयार गर्दछौं । संस्थागत मूल्य संरचना सम्बन्धी दस्तावेज कार्यन्वयनमा छ, जसमा कम्पनीको दृष्टिकोण, लक्ष, मूल्य मान्यता, व्यवसायको नीति तथा सिद्धान्तहरू, संस्थागत सुशासनका नियमहरू, आचरण तथा नैतिकता सम्वन्धी नियमहरू तथा निर्देशिकाहरू समाविष्ट छन् । सो मुल्य संरचना कम्पनीका कर्मचारी देखी संचालकहरू सम्म सबैलाई लागु हुन्छ । यसका मुलभुत पक्षहरू कानूनी व्यवस्थाको पालना, स्वच्छता, पूर्णता, इमान्दातारिता तथा वातावरणीय प्रभाव तथा सरोकारवालाहरूको हितलाई मध्यनजर गर्दै व्यक्तिगत तथा व्यवसायिक सम्बन्धमा उच्च स्तरको नैतिकता तथा व्यवहारको अभ्यासका निमित्त प्रवृत्त हुने रहेका छन् । प्रचलित कानून वमोजिम पेश गर्नु पर्ने प्रतिवेदनहरू समयमै नियमनकारी निकायहरूमा पेश गरिएको छ । संस्थागत सुशासन प्रतिवेदन कम्पनीको वार्षिक प्रतिवेदनमा अलग्गैरूपमा प्रकाशित गरिएकोछ ।

## स्वास्थ्य, सुरक्षा तथा वातावरण

आई.एस.ओ. ९००१:२००८ (गुणस्तर), आई.एस.ओ. १४००१:२००४ (वातावरण) तथा आई.एस.ओ. १८००१:२००७ पेसागत स्वास्थ्य तथा सुरक्षा (ओसास) व्यवस्थापन प्रणालीहरूद्धारा बिपिसी प्रमाणित भएको छ । ओसास व्यवस्थापन प्रणालीले पेसागत स्वास्थ्य तथा सुरक्षाका विषयमा कम्पनी भित्र चेतना जागृत गर्न तथा व्यवस्थापन गर्न मद्दत पुऱ्याएको छ । ती प्रणालीहरूलाई कम्पनीको समग्र व्यवसाय संचालन, प्रणाली तथा कार्यविधिहरूमा एकिकृत तथा कार्यान्वयन गरिएको छ । निश्चित् समय अन्तरालमा कर्मचारीहरूको नियमित स्वास्थ्य परीक्षण गरिदै आएको छ । सबै कर्मचारीको औषधोपचार तथा दुर्घटना वीमा गराइएको छ । व्यवस्थापन प्रणालीहरूको निरन्तर सुधारका लागि सो को आन्तरिक तथा बाह्य परीक्षणहरू गरिएको छ । सुरक्षितरूपमा काम गर्ने वातावरण सुनिश्चित् गरिएको छ र सुरक्षा उपकरणहरू दुरूस्त राखिएको छ । यद्यपी, एक दुर्भाग्यपूर्ण सडक दुर्घटनामा एक जना कर्मचारीको मृत्यु भयो र अर्को एक

जना कर्मचारीलाई गम्भिर चोट लाग्न पुग्यो । विनासकारी भूकम्प जसले देशभर कम्पन ल्यायो, यस कम्पनीलाई समेत प्रभाव पाऱ्यो । सौभाग्यवश हामीले हाम्रा कर्मचारीहरू तथा विद्युत गृहहरूमा कुनै गम्भिर क्षति भोग्नु परेन । यस विनासकारी भूकम्पवाट प्रभावित जनतालाई सहयोग गर्नका लागि कम्पनी तथा कर्मचारीहरूले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रू. ४० लाख योगदान गरे ।

## कम्पनीको औधोगिक संलग्नता तथा बाह्य सम्वन्ध

बीपीसी आफ्ना सरोकारवालाहरूसंग जोडिएको र सेमिनार, तालिम, गोष्ठी तथा परोपकारी गतिविधीहरू जस्ता विभिन्न माध्यमहरूवाट उनीहरू संगको सम्बन्धलाई अभिवृद्धि गर्नका लागि प्रतिवद्ध छ । यस कम्पनी नेपाल उद्योग वाणिज्य महासंघ, स्वतन्त्र उर्जा उत्पादक संघ, नेपाल उद्योग परिसंघ, इन्टरनेशनल हाइड्रोपावर सेन्टर, नर्वे, उर्जा विकास परिषद् तथा नेपाल टनेलिङ्ग एशोशियसनको संस्थागत सदस्य हो । बीपीसीले अन्तराष्ट्रिय वित्त संस्था, विश्व बैक, नर्वेको विदेश मामिला मन्त्रालय, इन्फ्राको एसिया जस्ता अन्तराष्ट्रिय संस्थाहरूसंग समेत आयोजनाहरू विकासको लागि विभिन्न तहमा संलग्न छ ।

## संस्थागत जोखिम व्यवस्थापन

कम्पनी भित्र जोखिमको पहिचान, मुल्यांकन, योजना निर्माण तथा निरूपणका माध्यमवाट संस्थागत जोखिम व्यवस्थापन प्रणाली लागु गरिएको छ । यस कम्पनीले नियमितरूपमा जोखिमलाई उच्च, मध्यम तथा न्यून जोखिमकोरूपमा मापन तालिकाका माध्यमवाट जोखिमको विश्लेषण गऱ्यो र जोखिम व्यवस्थापनको उपयुक्त रणनीति अवलम्वन गऱ्यो । जोखिमलाई सापेक्षितरूपमा न्यून स्तरमा कायम गर्नका लागि जोखिमको प्रकार तथा कम्पनीको जोखिम बहन गर्न सक्ने क्षमताका आधारमा जोखिमहरूलाई सार्ने ,आउने नदिने, स्वीकार गर्ने तथा वहन गर्ने गरिन्छ । कम्पनी भित्र विभिन्न व्यवसायिक इकाईहरूले गरेका काम कारवाहीसंग सम्बन्धित जोखिमहरूको अनुगमन जोखिम व्यवस्थापन समितिले गर्दै आएको छ । मानव संशाधन लगायत कम्पनीका सबै सम्पत्तिहरूको भरपर्दो बीमा कम्पनीमा बीमा गरिएको छ । झिमरूक केन्द्रमा भएको आगलागीवाट भएको सम्पत्तिको क्षतिका सम्बन्धमा बीमा कम्पनी समक्ष गरिएको क्षतिपूर्तिको वीमा दावी तथा सो घटनामा कर्मचारीहरूको व्यक्तिगत सम्पत्तिको नोक्सान सम्बन्धमा नेपाल सरकार समक्ष पेश गरिएको दावीको भुक्तानी प्राप्त गर्न सफल भएको छ ।

## आन्तरिक नियन्त्रण

व्यवस्थापकिय प्रणालीहरूको निरन्तरसुधार तथा कार्यान्वयनको निमित्त आवधिकरूपमा आई.एस.ओ. अर्न्तगत आन्तरिक तथा बाह्य परीक्षणहरू गरिएको छ । साथै, कम्पनीको आन्तरिक नियन्त्रण तथा जोखिम व्यवस्थापनको मुल्यांकन गर्नको लागि स्वतन्त्र लेखापरीक्षकवाट आन्तरिक लेखापरीक्षण गरिदै आएकोछ । आन्तरिक लेखापरीक्षकका सिफारिसहरू तथा लेखापरीक्षण समितिका निर्णयहरू प्रभावकारीरूपमा कार्यन्वयन गरिएको छ । श्री कुवेर एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्टस्, ले आ.व. २०७१।०७२ मा कम्पनीको आन्तरिक लेखापरीक्षण कार्य सम्पन्न गरेको छ ।

## वाह्य लेखापरीक्षण

श्री एस.आर. पाण्डे एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्टस्, ले लगातार तेस्रो पटक यस कम्पनीको आ.व. २०७१।०७२ को हिसाव किताव लेखापरीक्षण गऱ्यो । लेखापरीक्षकले कम्पनीको वित्तिय विवरण उपर नकारात्मक टिप्पणी रहित प्रतिवेदन जारी गरेको छ ।

## शेयरधनीहरुको सुझाव तथा संचार

शेयरधनीहरूका सुझावहरूलाई गम्भिरतापूर्वक लिइएको छ र त्यसको गाम्भिर्यता तथा कम्पनीको व्यवसायिक हितका आधारमा कार्यन्वयन गरिएको छ । त्रैमासिक प्रतिवेदन, संक्षितप्त प्रतिवेदन, वार्षिक प्रतिवेदन, बार्षिक साधारण सभाको निर्णय पुस्तिकाहरू प्रकाशित गरी संचारका सबै माध्यमहरूको प्रयोग गरिएको छ र ति प्रकाशनहरू शेयरधनीहरूको जानकारीको लागि कम्पनीको वेभपेजमा हेर्न मिल्ने व्यवस्था मिलाइएको छ । कम्पनीले निरन्तर

सुधारको लागि शेयरधनीहरूलाई सुझावहरू दिन प्रोत्साहित गर्दछ र शेयरधनीहरूका सुझावहरूको स्वागत गर्दछ । कम्पनी आ.व. २०७०।०७१ सम्मको भुक्तानी हुन बांकी घोषित लाभांश पूर्जा संकलन गर्नका लागि सूचना समेत प्रकाशित गरेको थियो ।

यस वर्षमा शेयर जफत भएको वा कम्पनीले आफ्नो शेयर आफैंले खरिद गरेको छैन ।

## सहायक कम्पनीहरुसंगको कारोवारहरु

बिपिसिले सहायक तथा सम्वद्ध कम्पनीहरूसंग उत्तम औधोगिक प्रचलनहरू अनुसार व्यवसायिक हिसावले कारोवारहरू गर्दछ । बिपिसिले आफ्ना सहायक तथा संलग्न कम्पनीहरूसंग भएका मुख्य मुख्य सबै कारोवारहरूका सम्बन्धमा आ.व. २०७१।०७२ को वित्तिय विवरणहरूमा खुलाइएको छ ।

## अवार्ड तथा प्रशंसापत्र

नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाले बीपीसीलाई वार्षिक प्रतिवेदन, २०१४ को उत्कृष्ट प्रस्तुतीकरणका लागि "उत्कृष्ट बार्षिक प्रतिवेदन प्रस्तुती अवार्ड, २०१४" प्रदान गऱ्यो । बीपीसीले यो अवार्ड प्राप्त गरेको आठौं पटक हो ।

## लाभांश

संचालक समितिले आ.व. २०७१।०७२ को मुनाफावाट चुक्ता पूँजीको २०% नगद लाभांश वितरण गर्नका लागि २३ औं बार्षिक साधारण सभामा प्रस्ताव तथा सिफारिस गरेको छ ।

## व्यवसाय तथा लगानीको वातावरण:

नयाँ संविधान जारी तथा सुधार हुँदै गएको राजनैतिक वातावरणका कारण आउँदो वर्ष समग्र व्यवसायिक तथा लगानी बातावरण अनुकुल हुने अपेक्षा गरिएको छ । जलविद्युत क्षेत्रको नीतिगत सुधारका सम्बन्धमा नेपाल सरकारले विचार गरिरहेको छ र सो नेपालको जलविद्युत आयोजनाहरूको विकासको लागि फलदायी हुने अपेक्षा गरिएको छ । यद्यपी, संविधान सभावाट नयाँ संविधान जारी भए पछि तराईमा भएको आन्दोलन तथा नेपाल-भारतको सीमामा नाकाबन्दीले देशलाई बन्धक बनाएको छ । यो तीन महिना भन्दा बढी समय देखी जारी छ । विनासकारी भूकम्पको कुरा गर्दा यसले देशको अर्थव्यवस्थामा ठुलो नोक्सान पुऱ्याएको छ र नेपाली नागरिकहरू, विद्यालय पढ्ने बालबालिका तथा विरामीहरूलाई मानवीय संकट उत्पन्न गर्न शुरू गरेको छ । वार्ता र शान्तीपूर्ण माध्यमवाट छिट्टै यस परिस्थितीको समाधान हुने छ भन्ने आशा गरिएको छ ।

नेपाल सरकारको आ. व. २०७२।७३ को बजेटले उर्जा क्षेत्रमा उल्लेख्य कार्यक्रम तथा बजेट व्यवस्था गरी उर्जा क्षेत्रको लगानीलाई प्राथमिकता दिएकोछ । सरकारले "उज्यालो नेपाल समृद्ध नेपाल" भन्ने अभियान सहित आगामी तीन वर्षमा लोडसेडिङ अन्त्य गर्नको लागि योजना बनाएको छ । नेपाल सरकारले २०७९।८० सम्ममा जलविद्युत आयोजनाहरूको निर्माण सम्पन्न गरेमा त्यस्ता आयोजनाहरूलाई छिटो निर्माण सम्पन्न गरेवापत पहिलो दश वर्षको लागि पुरै र त्यसपछिको पाँच वर्षको लागि पचास प्रतिशत आयकर छुट सुविधा दिनेछ । त्यसका अतिरिक्त २०८० भित्र आयोजनाको निर्माण सम्पन्न गर्ने आयोजनाहरूलाई रू ५० लाख प्रति मेगावाट आर्थिक सहयोग र आ.व. २०७४।७५ भित्र विद्युत उत्पादन गरी राष्ट्रिय ग्रिडमा आपूर्ति गर्ने उत्पादकहरूलाई त्यसको दश प्रतिशत अतिरिक्त सहयोग उपलब्ध हुनेछ । सो सुविधा प्राप्त गर्नका लागि न्यादी तथा कावेली ए जलविद्युत आयोजनाहरू समयमै सम्पन्न गर्ने योजना रहेको छ । विद्युत खरिद बिक्रीको प्रक्रियालाई गति दिन सके तथा सन् २०१७ भित्र निर्माण कार्य प्रारम्भ गर्न सके लोअर मनाङ मर्स्याङदी जलविद्युत आयोजनाले समेत सो सुविधाहरू प्राप्त गर्नेछ ।

प्रशारण लाईनहरू निर्माणको दौरानमा जग्गा प्राप्ती तथा बनको जग्गा उपयोग स्वीकृति सम्बन्धी समस्याहरू समाधान गर्नका लागि राष्ट्रिय योजना आयोगको निकट समन्वयमा एक उच्च अधिकार सम्पन्न अन्तर निकाय समन्वय समिति गठन गर्ने योजना रहेको छ । करीव रू. ४० अरवको लगानीमा अन्तरदेशीय प्रशारण लाईनको साथै कालीगण्डकी कोरीडोर तथा मर्स्याङदी कोरीडोरको निर्माण कार्य आगामी वर्षवाट प्रारम्भ हुनेछ ।

विद्युत उत्पादन तथा प्रशारणको लागि अलग अलग कम्पनीको स्थापना सहित उर्जा क्षेत्रको पूर्नसंरचना गर्ने नेपाल सरकारको पहलकदमीले समग्र उर्जा क्षेत्रको विकासमा सुधार हुने अपेक्षा गरिएको छ । नेपाल विद्युत प्राधिकरण १०० मेगावाट सम्मका आयोजनाहरूको विद्युत खरिद बिक्री सम्झौताको लागि एक निर्देशिका तयार गरेको छ । यस निर्देशिकाले विद्युत खरिद बिक्री सम्झौता गर्दा लाग्ने प्रक्रिया तथा समयका सम्बन्धमा स्पष्टता ल्याएको छ ।

## आगामी वर्षः

आगामी वर्ष सन् २०१६ आयोजनाहरूको निर्माण कार्यको प्रारम्भ सहित एक चुनौतिपूर्ण वर्ष हुनेछ । कावेली ए जलविद्युत आयोजनाको निर्माण प्रारम्भ सन् २०१६ को पहिलो त्रैमासिकमा हुनेछ । न्यादी जलविद्युत आयोजनाको वित्तिय व्यवस्थापनको कार्य सन् २०१५ को अन्त सम्ममा हुने अपेक्षा गरिएको र सन् २०१६ को मध्य तिर यस आयोजनाको निर्माण कार्य प्रारम्भ गर्ने योजना रहेको छ । लोअर मनाङ मर्स्याङदी जलविद्युत आयोजनाको उत्पादन अनुमतिपत्र लिइनेछ र सो आयोजनाको विद्युत खरिद बिक्री सम्झौताको प्रक्रियालाई तिव्रता दिइनेछ । केन्द्रीय कार्यालयको भवनको दोश्रो चरणको निर्माण कार्य सम्पन्न हुनेछ ।


## कृतज्ञता ज्ञापन

कम्पनीको प्रगतिको लागि आ.व. २०७१।०७२ मा प्रत्यक्ष वा परोक्ष रूपले योगदान दिने, सहयोग गर्ने तथा सहायता दिने नेपाल सरकार, नेपाल विद्युत प्राधिकरण, नर्वे सरकारको विदेश मामिला मन्त्रालय, सेवाग्राही, ठेकेदारहरू, बिक्रेता, सप्लायर, संवद्ध संस्थाहरू, वैंकहरू, लेखापरीक्षकहरू र अन्य संस्था तथा व्यक्तिहरूप्रति हामी आभारी छौं ।

संचालक समिति अर्न्तगतका समितिहरूका सदस्यहरू, व्यवस्थापन समूह तथा कर्मचारीहरूलाई कम्पनीको प्रगतिको लागि गर्नु भएको समर्पण एवं निरन्तर योगदानको लागि तथा शेयरधनीहरूलाई हामी प्रति देखाउनुभएको विश्वासको लागि हार्दिक धन्यवाद दिन चाहान्छौं ।

धन्यवाद ।

संचालक समितिको तर्फवाट



**पद्म ज्योति**
अध्यक्ष

मितिः २०७२/०९/०५

# संक्षिप्त आर्थिक प्रतिवेदन

**आ.व. २०७१/७२ को (कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसार)**

**शेयरधनीज्यूहरु,**

१. विगत वर्षहरूको तुलनामा यस वर्ष कम्पनीको कार्य प्रगति राम्रो रहेको छ । ९.४ मेगावाटको आँधिखोला क्षमता बृद्धि आयोजनाको निर्माण सम्पन्न भई २०७१ चैत्र २२ देखि व्यापारिक उत्पादन शुरू भैसकेको छ । कम्पनीको झिमरूक तथा आंधीखोला जलविद्युत केन्द्रहरूको विद्युत खरिद सम्झौता ३० वर्षसम्मको लागि सम्पन्न भएको छ । त्यस्तै ३७.५ मेगावाटको कावेली ए जलविद्युत आयोजना एवं ३० मेगावाटको न्यादी जलविद्युत आयोजनाको पनि विद्युत खरिद सम्झौताहरू सम्पन्न भएका छन् । कावेली परियोजनाको लागि नेपाल सरकार, विश्व बैंक तथा अन्तरराष्ट्रिय वित्त निगम संग ऋण संम्झौता भईसकेको छ भने न्यादी परियोजनाको लागि पनि ऋण संम्झौता सम्पन्न हुने प्रक्रिया अन्तीम चरणमा पुगीसकेको छ ।

२. कम्पनीको वार्षिक कारोवार गत वर्ष रू. ४० करोड ४१ लाख भएकोमा यस वर्ष २९.५% ले बढ्न गई रू. ५२ करोड ३२ लाख बराबरको कारोवार भएको छ । गत वर्ष खुद नाफा रू. ३० करोड ३८ लाख भएकोमा सो बढेर यस वर्ष रू. ४७ करोड ९८ लाख खुद नाफा आर्जन गर्न कम्पनी सफल भएको छ । कम्पनीको कारोबार बढ्नुको मुख्य कारण आँधिखोला बिद्युत गृहको ९.४ मेगावाटमा क्षमता बृद्धि पश्चात २०७१ चैत्र २२ वाट संचालनमा आउनु, झिमरूक जल विद्युत केन्द्रको उत्पादनमा बृद्धि हुनु, झिमरूकको सम्पत्तिमा बीमा दाबीबाट यस वर्ष रकम प्राप्त हुनु तथा लाभांश आम्दानी बढ्नुका साथै खर्चमा पनि केही मात्रामा कटौटी गर्न् सक्नु हो ।

(अन्यथा उल्लेख गरेको वाहेक अंक रू. हजारमा)

| विवरण | आ.व. २०७१/७२ | आ.व. २०७०/७१ |
|---|---|---|
| थोक बिद्युत बिक्री बाट आम्दानी | ४०२,३५६ | २८९,२९९ |
| उपभोक्तालाई बिद्युत र सेवा बिक्रीबाट आम्दानी | १२०,८३४ | ११४,८०९ |
| जम्मा संचालन आम्दानी | ५२३,१९१ | ४०४,१०७ |
| जम्मा संचालन खर्च | ३१८,५४५ | ३२४,५९१ |
| कूल संचालन नाफा | २०४,६४६ | ७९,५१६ |
| अन्य आय (लाभांश समेत) | ५२२,५५५ | ४५५,५५० |
| प्रशासनिक तथा अन्य खर्च | २२०,७१४ | २४३,७८६ |
| बाँडफाँड अघिको खुद मुनाफा | ४७९,८२८ | ३०३,७६८ |
| प्रतिशेयर आम्दानी रू. | २८.६८ | १९.७५ |
| नेटवर्थ रू. दश लाखमा | ३,४२८ | ३,२५९ |

कम्पनीको वित्तिय परिणामहरूको सारसंक्षेप निम्न अनुसार रहेको छ ।

३. यस वर्ष आंधीखोला बिद्युत गृहवाट २०.२८ तथा झिमरूक बिद्युत गृहवाट ७६.४३ गिगावाट आवर बिद्युत उत्पादन भएको छ । झिमरूकवाट उत्पादित विद्युत गत वर्षको तुलनामा ८.१०% (५.६७ गिगावाट आवर) ले बृद्धि हो ।

४. कम्पनीले स्थानीय उपभोक्ताहरूलाई २७.३० गिगावाट आवर बिद्युत बिक्री गरेको छ । यो बिक्री गत बर्षको बिद्युत बिक्री भन्दा १३% ले बढी हो । आ.व. २०७१।७२ मा कम्पनीको वितरण व्यवसाय अर्न्तगत मिटर जडित उपभोक्ताहरूको संख्या ३% ले बृद्धि भई ४६,२१५ जना पुगेको छ ।

५. संचालनमा रहेका सहायक तथा संवद्ध कम्पनीहरूको कार्य सम्पादन यस प्रकार रहेको छ ।

(क) ६० मेगावाट क्षमताको खिम्ती प्रथम बिद्युतगृह संचालन गर्ने हिमाल पावर लि. ले आ.व. २०७१।७२ मा रू. ३ अरव २२ करोड खुद नाफा (कर अघि) आर्जन गऱ्यो । बिपिसीले उक्त आ. व. मा हिमाल पावर लि. बाट रू. ४३ करोड ३१ लाख लाभांश प्राप्त गरेको छ ।

(ख) हाइड्रो कन्सल्ट इन्जिनियरिङ लि. एक इन्जिनियरिङ परामर्शदाता कम्पनी हो । यस कम्पनीले गत वर्षको तुलनामा ८.१% ले कारोवारमा बृद्धि गरी रू ८ करोड ८० लाखको कारोवार गऱ्यो । उक्त आ.व. मा बिपिसीले उक्त कम्पनीबाट रू. १७ लाख ९० हजार लाभांश प्राप्त गरेको छ । हाइड्रो कन्सल्टले आ. व. २०७१।७२ मा रू. १ करोड २३ लाख खुद नाफा आर्जन गर्न सफल भएको छ ।

(ग) बिपिसि सर्भिसेज लि. संचालन तथा मर्मत संभार सेवा प्रदायक कम्पनी हो । यस कम्पनीले आ.व. २०७१।७२ मा रू. ४६ लाख खुद नाफा आर्जन गरेको छ ।

(घ) नेपाल हाइड्रो तथा इलेक्ट्रिक लि. हाइड्रो मेकानिकल तथा इलेक्ट्रो मेकानिकल उत्पादक कम्पनी हो । यस कम्पनीले आ. व. २०७१।७२ मा रू. १ करोड ८७ लाख खुद नाफा आर्जन गरेको छ ।

(ङ) खुदी हाइड्रोपावर लि. ले आ.व. २०७१।७२ मा गत वर्षको बिक्रीमा ४.३५ प्रतिशतले बृद्धि गरि रू. १० करोड ६ लाख वरावरको बिद्युत बिक्री गरी रू. ३ करोड ५२ लाख खुद नाफा आर्जन गरेको छ ।

(च) हाइड्रो ल्याव प्रा. लि. हाइड्रोलिक्स तथा सेडिमेण्ट विश्लेषण सेवा प्रदायक कम्पनी हो । यस कम्पनीले आ. व. २०७१।७२ मा २ करोड ३ लाखको कारोवार गरी ४३ लाख नाफा आर्जन गरेको छ ।

(छ) ३७.६ मेगावाट क्षमताको कावेली ए जलबिद्युत आयोजना कावेली इनर्जि लि. मार्फत विकास निर्माण भईरहेको छ । यस आयोजनामा आ. व. २०७१।७२ सम्ममा रू. ५७ करोड ३७ लाख वरावरको कार्य प्रगति गरिसकेको छ । यसले विश्व बैक, अर्न्तराष्ट्रिय वित्त निगम तथा अन्य स्थानीय बैकहरूसँग बित्तिय व्यवस्थापन सम्पन्न गरिसकेको छ। पिपिए पनि यसवर्ष सम्पन्न भएको छ ।

(ज) न्यादी हाइड्रोपावर लि. मार्फत विकास निर्माणको क्रममा रहेको ३० मेगावाट क्षमताको न्यादी जलबिद्युत आयोजनामा रू. ३६ करोड २३ लाख वरावरको कार्य प्रगति भईसकेको छ । बिपिसिको यसमा मुख्य शेयरधनीको रूपमा ९७.२२% शेयर लगानी रहेको छ । विद्युत खरिद बिक्री सम्झौता (पिपिए) यस वर्ष सम्पन्न भएको छ ।

(झ) बिपिसी र इन्फ्राको एशिया डेभलपमेन्ट को क्रमशः ४० प्रतिशत र ६० प्रतिशत स्वामित्व कायम रहने गरी गुरांश ईनर्जी लिमिटेडको स्थापना भएको छ । संयुक्त लगानीमा स्थापित उक्त कम्पनीको उदेश्य हाल विकास

तथा निर्माणको चरणमा रहेको एवं अन्य नयां जलविद्युत परियोजनाहरूमा लगानी तथा विकास निर्माणमा सहयोग पुर्‍याउने रहेको छ । कावेली इनर्जि लिमिटेडमा यस कम्पनीको शेयर लगानीको बाहुल्यता रहेको छ ।

६. आयोजना/आयोजना कम्पनीहरूको विद्यमान अवस्था तथा यस वर्षका योजनाहरू यस प्रकार रहेका छन् ।

(क) बिपिसिले आ.व. २०७१।७२ सम्ममा १०० मेगावाट क्षमताको लोअर मनाङ मर्स्याङदी आयोजनाको विकासको लागि रू. १५ करोड २७ लाख लगानी गरिसकेको छ । यस आयोजनाको संभाव्यता अध्ययन तथा जियोटेक्निकल अनुसन्धानको कार्य सम्पन्न भैसकेको छ । वातावरणीय प्रभाव मुल्यांकनको कार्य सम्पन्न गरी सो को प्रतिवेदन वातावरण मन्त्रालयद्वारा स्वीकृत भइसकेको छ । यस आयोजनाको विस्तृत डिजाइन, बिद्युत खरिद बिक्री सम्झौता तथा उत्पादन अनुमतिपत्र प्राप्त गर्ने प्रक्रियाहरू अघि बढिरहेको छ ।

(ख) लोअर मनाङ मर्स्याङदी आयोजनाको विकासमा विद्युत आपूर्तिको लागि ८ मेगावाटको चिनोखोला सानो जलविद्युत आयोजनाको सर्भे लाइसेन्स प्राप्त भैसकेको छ । यसको feasibility study गर्ने कार्य अगाडी बढीरहेको छ ।

(ग) आँधिखोला क्षमता बृद्धि आयोजना ५.१ मेगावाट क्षमतावाट ९.४ मेगावाटमा क्षमता बृद्धि भई २०७१ साल चैत्र २२ देखि व्यापारिक संचालनमा आईसकेको छ ।

७. कम्पनीको संचालक समितिले आ.व. २०७१।७२ को लागि चुक्ता पूँजीको २०% नगद लाभांश सिफारिस गरेको छ ।

८. प्रस्तुत संक्षिप्त आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरणहरू र संचालक समितिको प्रतिवेदनवाट संक्षेपीकरण गरिएको

**उत्तर कुमार श्रेष्ठ**
प्रमुख कार्यकारी अधिकृत

**सि.ए. सुदर्शन राज पाण्डे**
पार्टनर
एस.आर. पाण्डे एण्ड कम्पनी
चार्टर्ड एकाउण्टेण्टस्

## २०७१ आषाढ ३२ गतेको
# वित्तिय अवस्थाको विवरण

| | | विवरण | आ.व. २०७१।०७२ रू. | आ.व. २०७०/०७१ रू. |
|---|---|---|---|---|
| १. | **कोषको श्रोत** | | | |
| | **१** | **शेयरधनी कोष** | | |
| | | शेयर पूँजी | १,६७३,२२२,७०० | १,६७३,२२२,७०० |
| | | जगेडा तथा बचत | १,७५५,३२४,५४० | १,५८६,२७५,३३४ |
| | | जम्मा शेयरधनीको कोष | ३,४२८,५४७,२४० | ३,२५९,४९८,०३४ |
| | **२** | **दिर्घकालिन दायित्व** | | |
| | | अनुदान जगेडा | २००,५१५,७०६ | १९९,५७२,५२४ |
| | | दिर्घकालिन ऋण | ७६५,४८८,१४९ | ८७३,५०९,५९५ |
| | | जम्मा दिर्घकालिन दायित्व | ९६६,००३,८५५ | १,०७३,०८२,११९ |
| | | **जम्मा** | **४,३९४,५५१,०९५** | **४,३३२,५८०,१५३** |
| २ | | **कोषको उपयोग** | | |
| | **क** | **अचल सम्पत्ति** | | |
| | | **स्थिर सम्पत्ति** | | |
| | | कुल स्थिर सम्पत्ति | ३,७००,३१४,२२७ | २,३११,६८०,०४० |
| | | न्यून:ह्रासकट्टी | ९६६,४९८,८३० | ८७९,२२०,४१५ |
| | | **खुद स्थिर सम्पत्ति** | **२,७३३,८१५,३९७** | **१,४३२,४५९,६२५** |
| | | बिक्रीको लागि राखिएको सम्पत्ति | ३,१७०,२०३ | ३,१७०,२०३ |
| | | पूँजीगत कार्य प्रगति | १७९,३६५,६६२ | १,३१६,४७४,६१३ |
| | | शेयरमा लगानी | १,०८८,१८४,८७० | ८७९,६४४,७९९ |
| | | ऋृण तथा पेश्की | २५४,९१४,७५७ | ३४२,४४५,७६४ |
| | | **कुल अचल सम्पत्ति** | **४,२५९,४५०,८८९** | **३,९७४,१९५,००४** |
| | **ख** | **चालु सम्पत्ति** | | |
| | | नगद तथा बैंक मौज्दात | ८५,७६७,३२९ | २०२,०३८,६०६ |
| | | मौज्दात | ६८,१३३,१४५ | ५६,९११,९८७ |
| | | आसामी तथा प्राप्य रकम | ३०५,९४३,४६८ | ३३५,९४७,६५५ |
| | | पेश्की तथा धरौटी भुक्तानी | २११,११०,८६१ | २८९,९४९,७९७ |
| | | **जम्मा चालु सम्पत्ति** | **६७०,९५४,८०३** | **८८४,८४८,०४५** |
| | **ग** | **न्युन:चालु दायित्व** | | |
| | | अल्पकालिन ऋण | १२२,१७२,४१६ | १२६,३०६,१७७ |
| | | साहु तथा भुक्तानी गर्नु पर्ने रकम | ३४२,२४७,९५४ | ३६४,२४६,६३५ |
| | | पेश्की तथा धरौटी प्राप्त | ३२,४९५,१२४ | २,५३५,०७३ |
| | | व्यवस्थाहरू | १५,०८०,५६४ | २५,४११,६३१ |
| | | जम्मा चालु दायित्व | ५११,९९६,०५८ | ५१८,४९९,५१६ |
| | | **खुद चालु सम्पत्ति** | **१५८,९५८,७४५** | **३६६,३४८,५२९** |
| | **घ** | **स्थगन कर दायित्व** | **२३,८५८,५३९** | **७,९६३,३८०** |
| | | **जम्मा** | **४,३९४,५५१,०९५** | **४,३३२,५८०,१५३** |

## २०७१ आषाढ ३१ गते समाप्तवर्षको
# नाफा नोक्सानको विवरण

| विवरण | आ.व. २०७१।०७२ रू. | आ.व. २०७०।०७१ रू. |
|---|---|---|
| **संचालन आम्दानी** | | |
| नेपाल विद्युत प्राधिकरणलाई विद्युत बिक्री | ४०२,३५६,२८१ | २८९,२९८,५४९ |
| उपभोक्तालाई विद्युत बिक्री | ११४,५८८,७६९ | १०८,५०९,८५८ |
| विद्युत सेवा | ६,२४६,६०२ | ६,२९८,७९२ |
| **जम्मा संचालन आम्दानी** | **५२३,१९१,६५२** | **४०४,१०७,१९९** |
| **संचालन खर्चहरू** | | |
| उत्पादन खर्च | २४८,७७७,२६७ | २६१,७८४,६६६ |
| वितरण खर्च | ६९,७६७,९७१ | ६२,८०६,५७९ |
| **जम्मा संचालन खर्चहरू** | **३१८,५४५,२३८** | **३२४,५९१,२४५** |
| **कुल संचालन नाफा** | **२०४,६४६,४१४** | **७९,५१५,९५४** |
| **प्रशासनिक तथा अन्य खर्चहरू** | | |
| प्रशासनिक खर्च | ९३,२५२,२८२ | १०८,२९९,९६९ |
| ह्रास कट्टी | १०३,५९१,५६९ | ९०,०४१,७१८ |
| संभावित लगानीको आय/नोक्सान व्यवस्था | (१७,३६३,५६४) | (४,९६८,९१९) |
| व्याज खर्च | ४१,२३३,९६० | ५०,४१२,९६६ |
| **जम्मा प्रशासनिक तथा अन्य खर्चहरू** | **२२०,७१४,२४७** | **२४३,७८५,७३४** |
| **अन्य श्रोतहरूवाट आम्दानी** | | |
| व्याज आम्दानी | ३७,७६७,८७४ | ३५,१३३,७९२ |
| अन्य आम्दानी | ४०,४२६,१८५ | ११,८१३,६७८ |
| अनुदान सहयोगको आम्दानी अंशको ह्रासकट्टी | ११,६३९,५५१ | ११,५०५,६९१ |
| लाभांश आम्दानी | ४३३,१०२,६२३ | ३९३,६१५,४०६ |
| विदेशी मुद्रा विनिमय लाभ/नोक्सान | २४३,६६२ | १,२०४,१९८ |
| सम्पत्ति तथा मौज्दात वस्तु बिक्री नाफा/नोक्सान | (६२४,२२५) | २,२७७,००८ |
| **जम्मा अन्य श्रोतहरूवाट आम्दानी** | **५२२,५५५,६७०** | **४५५,५४९,७७३** |
| **बोनस र कर अधिको नाफा** | **५०६,४८७,८३७** | **२९१,२७९,९९३** |
| कर्मचारी बोनस | १०,७६४,१९१ | ५,७११,३७२ |
| संस्थागत आयकर व्यवस्था | - | - |
| पर सारिएको कर खर्च | १५,८९५,१५९ | (१८,१९९,३६३) |
| वाँडफाँड अधिको मुनाफा/नोक्सान | ४७९,८२८,४८७ | ३०३,७६७,९८४ |
| **नाफा नोक्सानको वाँडफाँड हिसाव** | | |
| गत वर्षको वाँकी | ९३७,९३४,२६९ | ८४३,१४५,२८० |
| यस वर्षको नाफा | ४७९,८२८,४८७ | ३०३,७६७,९८४ |
| **जम्मा** | **१,४१७,७६२,७५६** | **१,१४६,९१३,२६४** |
| न्युनः लाभांश | (२५०,९८३,४०५) | (१८२,७४८,४९२) |
| **जम्मा लाभांश** | **(२५०,९८३,४०५)** | **(१८२,७४८,४९२)** |
| विगत वर्षको समायोजन | (४६,४९६,८१०) | (२६,२३०,५०३) |
| वासलातमा सारेको संचित मुनाफा | १,१२०,२८२,५४१ | ९३७,९३४,२६९ |
| प्रति शेयर आम्दानी – आधारभूत (Basic) | २८.६८ | १९.७५ |
| प्रति शेयर आम्दानी – परिवर्तित (Diluted) | २८.६८ | १९.७५ |

नोट :

BUTWAL POWER COMPANY LIMITED


**CORPORATE OFFICE**
P.O. Box. 11728
Gangadevi Marga - 313, Buddha Nagar
Kathmandu, Nepal
Tel: 977-1-4781776, 4784026
Fax: 977-1-4780994
E-mail: info@bpc.com.np

**JHIMRUK HYDROELECTRIC CENTER**
Darimchaur, Pyuthan
Tel: 994860105
Fax: 994860104

**ANDHIKHOLA HYDROELECTRIC CENTER**
Galyang, Syangja
Tel: 977-063-460152
Fax: 977-063-460152

**LIASON OFFICE**
Campus Road, Butwal
Tel: 977-071-540809
Fax: 977-071-541058